## बैठक संख्या ३

आज मिति २०८१/०५/१७ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

CamScanner

बैठक [illegible] २०८१/०८२ मिति २०८१/०५/१७ गते

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.१:- योजनामा रकम थप गरि बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुँदा यस गाउँपालिकाको चालु आ.व.को स्विकृत वार्षिक कार्यक्रम बमोजिम प्रकाशित रातो किताबमा उल्लेखित देहायका योजनामा देहाय बमोजिमको रकममा गा.पा. बाट देहायको थप रकम व्यहोर्ने गरि बोलपत्र आह्वान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

१. Rcc रोड निर्माण खैरीघाटदेखि बेलडाँडी बजार विनियोजित बजेट रु. ९३ लाखमा २५ प्रतिशत रकम थप ।
२. हुलाकी सडक जित बहादुर चन्दको घरदेखि पुन्ना पार्कीको पसल हुँदै निर्माणाधिन वडा कार्यालयको भवन हुँदै बिरेन्द्र कठायतको घर हुँदै सिद्धचोकसम्म सडक कालेपत्रे क्रमागत वडा नं.१ को विनियोजित बजेट रु. १करोडमा ३० प्रतिशत रकम थप ।
३. वडा नं. ४ बेवाहा चौराहादेखि चन्द्र वहादुर खत्रीको घरसम्म सडक कालोपत्रे योजनामा विनियोजत बजेट रु २०लाखमा २५ प्रतिशत रकम थप ।
४. शिवंनगर पुल हुँदै खैरिघाट चौराहादेखिख वैवाहा चौराहासम्म सडक RCC गर्ने कार्यमा विनियोजित बजेट रु. १करोड ३०लाखमा २५ प्रतिशत रकम थप ।
५. बेलडाँडी गाउँपालिका २ नं.वडा कार्यालय भवन निर्माण तथा ५ नं. वडा कार्यालय भवन निर्माणमा विनियोजित बजेटमा २५ प्रतिशत रकम थप ।

**प्रस्ताव नं.२:-एउटै प्याकेज बनाई बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.२:-**प्रस्ताव नं. २ माथि छलफल हुँदा देहायका योजनाको एउटै प्याकेज बनाई बोलपत्र आह्वन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

वडा नं. ३ गणेश बिष्टको घरदेखि महेन्द्र विष्टको घरसम्म सडक स्तरोन्नती रु.६लाख ५० हजार, वडा नं.३ रतन खडकाको खेतदेखि गड्डा चौराहासम्म सडक स्तरोन्नती रु.६लाख ५० हजार तथा वडा नं. ४ रतन खडकाको खेतदेखि गड्डा चौराहासम्म सडक स्तरोन्नती रु.६लाख गरि कूल रकम रु. १९लाख ।

**प्रस्ताव नं.३:-दुग्ध चिस्यान केंन्द्रको बजेटबाट कार्य गर्ने सम्बन्धमा ।**

**निर्णय नं.३:-**प्रस्ताव नं. ३ माथि छलफल हुँदा दुग्ध चिस्यान केन्द्रको लागि आवस्यक सामाग्री तथा व्यवस्थापन मा विनियोजित बजेट रु.१०लाख ५०हजारबाट दुग्ध चिस्यान केन्दको बाँकी रहन गएको निर्माण, रंगरोगन तथा अन्य कौर्य गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.४:-विज्ञ खटाउन अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय नं.४:-**प्रस्ताव नं. ४ माथि छलफल हुँदा प्राथमिक स्वास्थ्य केन्द्र बेलडाँडी, कंचनपुरमा रहेको मेडिकल अधिकृतको रिक्त दरबन्दीमा सेवा करारमा मे.अ. पदपूर्ति गर्न उम्मेदवार छनौट प्रकियाको लागि १ जना विषय विज्ञको खटाउनको लागि महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगर, कंचनपुरमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव न.५:-कालिकिच ताल पर्यटकीय क्षेत्र निर्माण सम्बन्धमा ।**

**निर्णय नं.५:**-प्रस्ताव नं. ५ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत वडा नं. २ र वडा नं. ५ मा पर्ने कालिकिच ताल पर्यटकीय क्षेत्र निर्माणको लागि विनियोजित बजेट रु. ९०लाखबाट देहायका संरचना निर्माण गर्न अनुमती सहित आवस्यक कारवाही प्रकियाको लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको कार्यालय मझगाउँ, कंचनपुर, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, काठमाण्डौं एवं वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

(१) भ्यू टावर (२) मेसिनरी वाल (३) सेल्फि पोईन्ट (४)सामान्य बाटो(पानी पिच) (५) कटेज (६) ताल सरसफाई

**प्रस्ताव न.६:-चारकिल्ला कायम गरि सार्वजनिक सूचना जरी गर्ने सम्बन्धमा ।**

**निर्णय नं.६:**-प्रस्ताव नं. ६ माथि छलफल हुँदा यस गाउँपालिकाको वडा नं. २ अन्तर्गत पूर्व- नहर, पश्चिम- खोला, उत्तर- साविक बाटो तथा दक्षिण- सामुदायिक वन यति चार किल्लाभित्रको जग्गामा खेलमैदान निर्माण गर्ने भनि मिति २०८१/०१/१३ गते बसेको गाउँ कार्यपालिकाको निर्णय नं. ९मा निर्णय भएकोमा दक्षिण साविक जंगल लेखिन छुट हुन गएकोले खेल मैदान निर्माणको लागि देहाय बमोजिम चारकिल्ला कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै, उक्त चारकिल्ला भित्र निर्माण भएका घर टहरा लगायतका सम्पूर्ण संरचनाहरु हटाउन ३५ दिने सार्वजनिक सूचना जारी गर्ने समेत सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

पूर्व- नहर, पश्चिम- खोला, उत्तर- साविक बाटो तथा दक्षिण- सामुदायिक वन तथा साविक जंगल

**प्रस्ताव नं. ७:-औषधी उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ७ :**-:प्रस्ताव नं.७ माथि छलफल हुँदा मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७८ वमोजिम गत वर्ष उपचार खर्च पाई यस वर्ष नविकरणका लागि दर्ता हुन आएका र यस वर्ष नयाँ दर्ता हुन आएका देहायका विरामीलाई नियमानुसार उपचार खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | नाम थर | उमेर | लिङ्ग | ठेगाना | रोगको किसिम | कै. |
|---|---|---|---|---|---|---|
| १. | मनोज विष्ट | ४ | पुरुष | बेलडाँडी २ | क्यान्सर | |
| २. | चक्र बहादुर विष्ट | ६४ | पुरुष | बेलडाँडी ३ | डाईलाईसिस | |
| ३. | राम वहादुर डगौरा | ४४ | पुरुष | बेलडाँडी ५ | क्यान्सर | |
| ४. | भक्त बहादुर ऐर | ५३ | पुरुष | बेलडाँडी १ | क्यान्सर | |
| ५. | निर्मला चौधरी | ३८ | महिला | बेलडाँडी ३ | क्यान्सर | |

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.८:- विद्यालय भवन निर्माणको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८** :-प्रस्ताव नं. ८ माथि छलफल हुँदा स्थानिय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान अन्तर्गत विद्यालयको भवन निर्माण गर्न विद्यालय छनौटको लागि विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धि मापदण्ड, २०८० को दफा ६ (क) बमोजिम पूर्वाधार विकास समितिको संयोजकत्वमा देहाय बमोजिमको स्थानिय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै, उक्त समितिले पेश गरेको प्रतिवेदनको आधारमा विद्यालय भवन निर्माणको लागि विद्यालय छनौट गर्ने समेत सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| | |
|---|---|
| श्री दुर्गा प्रशाद चौंधरी | संयोजक |
| श्री ईन्द्र बहादुर खड्का | सदस्य |
| श्री चेतराम माली | सदस्य |
| श्री भानुभक्त जोशी | सदस्य |
| श्री रेखा भट्ट | सदस्य |
| श्री करन कुमार धामी | सदस्य |
| श्री पुरुषोत्तम जोशी | सदस्य |
| श्री शारदा पनेरु वोहरा | सदस्य |

**प्रस्ताव नं.९:- माटो भरान गरि कन्टेन्जेन्सिबाट रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं.९ :-** प्रस्ताव नं. ९ माथि छलफल हुँदा वेलडाँडी गा.पा. वडा नं. ३ कमरी भूईयाँ मन्दिरदेखि कालिका टोलसम्म खाल्टा खुल्टी वाटोमा माटो भरान गरि गाउँपालिकाको कन्टेन्जेन्सि शिर्षकवाट रु.१लाख रकम भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१०:- रोजगार सहायकको पदपूर्तिको प्रकिया अगाडी बढाउने सम्बन्धमा ।**

**निर्णय नं.१०** :-प्रस्ताव नं. १० माथि छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सहायकको पदपूर्तिको लागि मिति २०७९/०५/१६ मा दरखास्त आह्वान भई छोटो सूचि (Short List) समेत भई परिक्षा स्थगित भएकोमा श्रम तथा रोजगार मन्त्रालयको प.सं. ४-०८०/०८१ च.नं./PMEP/६२५ मिति २०८१/०३/२६ को पत्रानुसार सोहिदेखि प्रकिया अगाडी बढाई पदपूर्ति गर्ने भनि पत्राचार भई आएकोले सोही छोटो सूचि (Short List) मा छनौट भएका परिक्षार्थिबाट छनौट गर्ने गरि अधुरो प्रकियालाई अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत